नेपाल ग्रामीण पुनर्निर्माण संस्था:(आरआरएन),समुदाय सहयोग कार्यक्रम खोटाङ र सिरहाद्वारा संयुक्त रुपमा प्रकाशित मासिक बुलेटिन

# शान्तिका लागि सचेतना

बर्ष १, अंक ५ २०६८ असोज १४ गते शनिबार Saturday 1 October 2011 १

बिशेष जानकारी




बिष्णुपुरकट्टी गा.वि.स. वार्डन.७, साहटोल स्थित निर्माणधिन इनार आयोजनाको अनुगमन गर्दै आर.आर.एन.का कार्यकारी सदस्य डा. नेत्र तिम्सिना, क्षेत्रीय संयोजक श्री नवीन कार्की, क्षेत्रीय अनुगमन अधिकृत श्री भुमि काफ्ले तथा जिल्ला संयोजकद्धय श्री दिनेश अर्याल, रिदारसिरु लामा र उपभोक्ता समिति अध्यक्षसँग छलफल गर्दै, सिरहा।

## सम्पादकीय

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) समुदाय सहयोग कार्यक्रम दोस्रो चरण, सिरहा र खोटाङद्धारा प्रकाशित मासिक बुलेटिन **शान्तिका लागि सचेतना** शान्ति प्रबर्द्धन केन्द्रका सदस्यहरु तथा कार्यक्रमबाट लाभान्वित समुदायहरुको सफलताको कथा, कविता, लेख रचना तथा अन्य जिल्लाका उदाहरणीय कामको बारेमा सबैसंग सुसुचित गर्ने मुख्य उद्धेश्यका साथ प्रकाशित गरिएको हो । यस बुलेटिनमा अधिकारमा आधारित सचेतनामुलक, सीप विकास तथा जीविकोपार्जन र विकाससंग सम्बन्धित अन्य उदाहरणीय लेख रचनाका साथै आरआरएन सिएसपी सिरहा तथा खोटाङ र आरआरएन.का अन्य जिल्लाबाट प्राप्त गतिविधीहरु उल्लेख हुनेछ ।

यो हाम्रो पाचौं अंक हो यस **मासिक बुलेटिन**लाई पठनीय र जानकारीमुलक बनाउनका लागि हामी तपाईहरुबाट निरन्तर सुझाव, सल्लाह र सृजनात्मक आलोचनाको अपेक्षा राख्दछौं । यसको साथै आगामी अंकको लागि माथि उल्लेखित विषय भित्र रही आफ्ना अमुल्य लेख, रचना पठाई प्रकाशनमा सहयोग गरिदिनु समेत सबैलाई विनम्र अनुरोध गर्दछौं ।

## गाउ विकास समितिको रकम विनियोजनका क्षेत्रहरु

रिसी लामा

गाउँ विकास समितिले हरेक आर्थिक बर्षको गाउ परिषदबाट चालु खर्च र पुजी (विकास) खर्चको स्वीकृत गर्नु पर्दछ । उक्त विनियोजित कुल बजेटबाट चालु खर्च घटाएर पुजी खर्च विनियोजन गरिन्छ ।

**क.चालू खर्च :**

नेपाल सरकार वा अन्य कुनै निकायले चालू खर्चमा जम्मा हुने गरी तोकेको रकम तथा गाउँ विकास समितिले आफ्नो आम्दानीबाट आर्थिक प्रशासन नियमावलीको सीमाभित्र रही छुट्याएको निश्चित प्रतिशत रकम चालू खर्च शीर्षकमा खर्च गर्न सकिन्छ । यसमा गाउ परिषदबाट स्वीकृत गरि गा.वि.स.ले प्रशासनिक खर्च, विषयगत कार्यालय तथा गा.वि.स. को लागि आबश्यक मानवीय श्रोत परिचालन बापतको तलब भत्ता र अन्य व्यवस्थापकीय खर्च यस चालु खर्च शिर्षक अन्तरगत खर्च गरिन्छ ।

**ख.पूजिगत खर्च :**

यसलाई सामान्य भाषामा विकास अनुदान खर्च पनि भनिन्छ । गाउँ विकास कोषको कूल पूजिगत विनियोजनबाट देहायका क्षेत्रमा रकम लगानी गर्नु पर्नेछ :-

**१. लक्षित सुमह विकास कार्यक्रम**
**२. आर्थिक सामाजिक एवं भौतिक पुर्वाधार विकास**
**३. प्रवर्द्धनात्मक लगानीका क्षेत्र**

**१. लक्षित सुमह विकास कार्यक्रम**

गाउँ विकास कोषको कुल पूँजिगत बजेटबाट लक्षित समूहलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम/आयोजनाहरुमा लगानी गर्नको कुल पुजि बजेटको ३५ प्रतिशत अनिवार्य विनियोजन गर्नुपर्दछ । उक्त बजेटलाई देहाय बमोजिम बजेट सञ्चालन गर्नुपर्नेछ :-

**(क)** सबै जातजातिका विपन्न वर्गका महिलाहरुलाई प्रत्यक्ष फाइदा पुग्ने आयोजना तथा कार्यक्रमका लागि न्यूनतम् १० प्रतिशत,

**(ख)** सबै जातजातिका विपन्न वर्गका बालबालिकाहरुलाई प्रत्यक्ष फाइदा पुग्ने आयोजना तथा कार्यक्रमका लागि न्यूनतम् १० प्रतिशत, र

**(ग)** सबै जातजातिका आर्थिक रुपमा विपन्न तथा आर्थिक एवं सामाजिक रुपमा पिछडिएका वर्ग ज्येष्ठ नागरिक, दलित, आदिवासी/जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मधेसी, मुश्लिम तथा पिछडावर्ग लगायत) एवं क्षेत्र तथा नेपाल सरकारले सूचना प्रकाशित गरी लक्षित समूह भनी तोकिएका वर्ग एवं समुदायले प्रत्यक्ष फाइदा पाउने कार्यक्रम/आयोजनाका लागि न्यूनतम १५ प्रतिशत ।

**(घ)** लक्षित समूहमा गरिएको आयोजना लगानी विवरण तालिका प्रत्येक लक्षित समूहका लागि छुट्टाछुट्टै तयार गर्नु पर्नेछ । लक्षित समूहको सूची र वर्गीकरणको विवरण क्रमश: अनुसूचीमा उल्लेख गरिएको छ ।

**(ङ)** लक्षित समूहमा लगानी गर्दा खण्ड (घ) मा उल्लिखित वर्गीकरणको सूची मध्ये लोपोन्मुख, अतिसीमान्तकृत तथा अतिविपन्न परिवारहरुलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ । यसरी लगानी गर्दा गरीबी नक्सांकन, विपन्न वर्गको नक्सांकन, आधारभूत सर्वेक्षणलाई आधार मान्नु पर्नेछ ।

**(च)** लक्षित समूहमा जाने कार्यक्रमको कम्तीमा ७० प्रतिशत सोहि लक्षित समूहलाई प्रत्यक्ष फाइदा पुग्नु पर्ने, कम्तीमा ५ घरधुरी समेटिएको हुनु पर्ने र सो सम्बन्धी निर्णय प्रक्रियामा त्यस्ता समूहको सहभागिता हुनुपर्नेछ ।

**(छ)** लक्षित समूह विकास कार्यक्रमका लागि छुट्याइएको रकम उपदफा (१) र उपदफा (२) मा उल्लिखित लगानिका क्षेत्रमा लगानि गर्नु पर्नेछ ।

**(ज)** लक्षित समूहको लागि सञ्चालित कार्यक्रम/क्रियाकलापहरुको विश्लेषण गर्नुपर्नेछ ।

**(झ)** लक्षित समूह विकास कार्यक्रम अर्न्तगत सामाजिक परिचालन कार्यक्रम लागु भएका गा.वि.स.मा सामाजिक परिचालनबाट छानिएका कार्यक्रमहरु मात्र कार्यान्वयन गर्नुपर्नेछ । (क्रमश: अर्को अंकमा)

**मानिसलाई नया विचारहरु स्वीकार्ने कुरा मनाउन गाह्रो छैन, बरु पुरानो विचारलाई छोड्ने कुरा मनाउन सबै भन्दा गाह्रो हुन्छ - डा. जोनएम केनिसल**

# प्रकोप र समुदायमा आधारित प्रकोप व्यवस्थापन


पेम्बा तामाङ्ग

प्रकोप भनेको यस्तो आपत विपतको अवस्था हो, जुन अकस्मात र नसोचिएको क्षणमा घट्छ, जसबाट धन जनको ठूलो क्षती हुन्छ, दिन चर्या एकाएक खलबलिन्छ र मानिसहरु निसहाय हुन्छन् । मृत्यु घाउ चोट रुवाई कराईले पारिवारिक अवस्था स्तव्ध हुन्छ,आफ्ना प्रिय व्यक्ति एवं सर्वश्व गुमेकाले आत्तिएर वा मर्माहत भएर मुर्छित समेत् हुन्छन, खाना पिना, लुगा फाटो, औषधोपचार सुरक्षा जस्ता आवश्यकीय प्रणाली एकाएक अवरुद्ध हुन्छ समुदायमा ती सुविधाहरु परिपूर्ति गर्ने क्षमता रहदैन यस्तो भयावह अवस्थालाई हामी प्रकोप भन्दछौं ।

विश्वमा प्रकोपबाट सवभन्दा बढी क्षति र त्यसको प्रभावबाट हानि नोक्शानी हुने क्षेत्र दक्षिण एशियामा नै मानिसहरुको बसोबास धेरै रहेको छ । नेपालको भुभागको संरचना कोमल र भिरालो प्रकृतिका भएको कारणले गर्दा नेपाल प्रकोपको दृष्टिकोणबाट प्रभावित हुने संभावना भएको मूलुक हो र प्रभावित हुने मूलुको ११ औं स्थानमा पर्दछ । आजकाल प्रकोपका कारणले धनजनको क्षति भएको समाचारहरु प्राय सुन्नमा आउछ । त्यसै कारण पनि शान्तिका लागि सचेतना यस अंकमा प्रकोपको चर्चा गरिएको हो । प्रकोपलाई कारण, प्रभाव तथा यसका प्रकृतिका आधारमा विभिन्न किसिमले बर्गिकरण गरेको पाईन्छ । ति मध्ये कारणका आधारमा प्रकोपलाई निम्न भागमा बर्गिकरण गर्न सकिन्छ :

१) **प्राकृतिक प्रकोप**

प्रकृतिका कारणले कुनै घटना घटेर जनधनको क्षति भई सामाजिक जनजीवनमा नकारात्मक असर पुऱ्याउँछ भने त्यस्तो घटनालाई प्राकृतिक प्रकोप भनिन्छ । बाढी, पहिरो, आगलागी, भूकम्प, चट्याङ इत्यादि ।

२) **मानव निर्मित प्रकोप**

मानवीय कारणले उत्पन्न हुने घटनाबाट जनधनको क्षति भई सामाजिक जनजीवनमा नकारात्मक असर पुऱ्याउछ भने त्यस्तो घटनालाई मानव निर्मित प्रकोप भनिन्छ । महामारी, द्वन्द्व, विष्फोट, प्रदुषण इत्यादि ।

त्यसै गरी कारणका आधारमा भौगोलिक, वातावरणीय, प्रविधिय, जैविक, रसायनिक आदि किसिमले बर्गिकरण गरेको पाईन्छ । त्यस्तै गरी विशेषताको आधारमा प्रकोपलाई निम्न उल्लेखित खण्डमा विभाजन गर्न सकिन्छ :

**अ) सुस्तरी उत्थान हुने प्रकोप**

ढिलो तथा सुस्त गतिमा विकसित भई लामो समयपछि प्रभाव देखापर्ने प्रकोपलाई सुस्तरी उत्थान हुने प्रकोप भनिन्छ । जस्तैः खडेरी, भोकमरी, मरुभूमीकरण र वातावरणीय प्रदुषणबाट अप्रत्यक्ष हुने प्रकोप ।

**आ) तीव्र उत्थान हुने प्रकोप**

प्रकृतिक तथा मानवीय कारणले ज्यादै छोटो समयमा उत्पन्न हुने प्रकोपलाई तीव्र उत्थान हुने प्रकोप भनिन्छ । यसलाई निम्न भागमा बाँड्न सकिन्छ :

क) भौगोलिक प्रकोप : भूईचालो, ज्वालामूखी

ख) जलउत्पन्न प्रकोप : बाढी, पहिरो, कटान डुवान, हिमताल विष्फोट, हिमपात र असिना पानी

ग) जलवायुजन्य प्रकोप : हुरी वतास समुन्द्री आँधी, चट्याङ्ग, सितलहर, तातो हावा (लु)

घ) जैविक प्रकोप : वन्यजन्तु तथा कीरा आक्रमण, महामारी

ङ) उद्योग तथा प्रविधिजन्य प्रकोप : यातायात दुर्घटना, औद्योगिक रसायनिक दुर्घटना

च) खाद्य उत्पन्न प्रकोप : भोकमारी, कुपोषण, महामारी

छ) अग्नि उत्पन्न प्रकोप : अगलागी र डडेलो

ज) मानवकृत प्रकोप : सामाजिक द्वन्द्व, हुलदंगा, युद्ध, भागदौड ।

खास गरेर प्रकोपको तीन स्थिति हुन्छ । प्रकोप पूर्व, प्रकोपको वखत र प्रकोप पछि । विद्यमान प्रकोप व्यवस्थापनमा प्रकोप भई सकेपछि नगरी नहुने प्रतिकारका कार्यहरुमा विषेश जोड दिइएको पाइन्छ । यसको मतलव प्रकोपलाई प्रकृयागत रुपमा नहेरीकन आई पर्ने घटनाको रुपमा हेर्ने गरिएको छ । जवसम्म प्रकोप पूर्व र प्रकोप टरी सकेपछि गरिने पूर्व तयारी एवं न्यूनीकरणका कामहरु गरिदैन तवसम्म प्रकोप व्यवस्थापन कार्य अधुरो नै रहन्छ । प्रकोप अघि, पछि र प्रकोपको वखत गरिने क्रमवद्ध कार्यहरुलाई प्रकोप व्यवस्थापन चक्र भनिन्छ । यस अर्न्तगत उद्धार र राहत, पुनस्थापना, पुननिर्माण लगायत न्यूनीकरण र पूर्व तयारी जस्ता महत्वपूर्ण कार्यहरु समेत् पर्दछन् । त्यसै गरी समुदायका मानिसलाई नायकको रुपमा अगाडि बढाएर उनिहरुबाटै प्रकोप सम्बन्धि पूर्व तयारी रोकथाम एवं राहत कार्य संचालन गर्न स्थानीय श्रोत र साधानको परिचालन गर्नका लागि क्षमता बृद्धि गर्न र घटना घटिसकेपछि पिडित जनजीवनलाई सुनियोजित ढंगले उद्धार तथा बसोबास गराउन तयार पारिने कार्यक्रमलाई **समुदायमा आधारित प्रकोप व्यवस्थापन** भनिन्छ । यसलाई नै प्रकोप व्यवस्थापनको प्रभावकारी प्रकृया मानिन्छ ।

संभावित प्रकोप हुनु अगावै, जनधनको क्षति न्यून गराउन सावधानी तथा सचेतता, तथ्यांक तथा सूचना प्रणालीको स्थापना ,खतरा नक्शाङ्कन, जोखिम लेखाजोखा, संकटाभिमुख पहिचान तथा नक्शाङ्कन, प्रकोप प्रतिरोधात्मक पूर्वाधारहरुको निर्माण आदि पूर्वतयारीमा प्रकोपपूर्व गर्नु पर्ने कार्यहरु हुन् ।

त्यसै गरी प्रकोपको वखत यसका प्रभावबाट सबैलाई जानकारी गराउने तथा बढी क्षति हुन नदिन यथाशीघ्र सूचना सम्प्रेशण, तत्काल चपेटामा पर्न सक्ने व्यक्ति/समुह/सम्पत्ति सुरक्षित स्थानमा लैजाने, आपतकालिन/अस्थायी बसोबासको व्यवस्था गर्ने, आपतकालिन स्थिति सामान्य नहुदासम्मको संक्रमण काल घोषणा गर्ने आदि कार्यहरु गर्नु पर्ने हुन्छ ।

प्रकोप पछि चपेटामा परेकाहरुलाई सुरक्षित तवरले निकाल्ने, तत्काल उपचार तथा अन्य आवश्यक सहयोग गर्ने, प्रकोपको असर फैलन नदिने ,प्रकोप पिडितहरुका लागि स्थायी बसोबासको व्यवस्था मिलाउने, भौतिक पूर्वाधार तथा सेवाहरुको पुर्नस्थापना गर्ने गराउने, प्रभावित जमिन उकास्ने काम गर्ने । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाल रेडक्रस, गृह मन्त्रालय, स्वास्थ्य मन्त्रालय, अन्य संघ संस्थाहरुले हामीलाई प्रकोपको वखत सहयोग पुऱ्याउदछ । (बाकी पृष्ठ ४ मा)

**आर.आर.एन. (सिएसपी) खोटाङ र सिरहाद्धारा संयुक्त रुपमा प्रकाशित मासिक बुलेटिन**

**शान्तिको लागि सचेतना**

**बर्ष १ अंक ५**

**२०६८ असोज १४ गते**

**1 October 2011**

**सल्लाहकार**

कुलचन्द्र दाहाल
नवीनकुमार कार्की
भुमी काफ्ले

**सम्पादन मण्डल**

**संयोजक**

रिदारसिरु लामा

**सदस्यहरु**

पेम्बा तामाङ, टहल जिरेल
निशेष गौतम, लक्ष्मी चौधरी

**सम्पर्क**

इमेलः rrnsiraha@gmail.com/ rrndiktel@gmail.com

**योग्यता गरिबको सम्पति हो – अज्ञात**

## आरआरएन, सिरहाका गतिविधीहरु

- मिति २०६८ भाद्र २५ गते श्री दुर्गा शान्ति प्रर्वद्धन समुहका सदस्यहरुले १ दिने एडस सम्वन्धी जनचेतनामुलक सडक प्रदर्शन गरिएको छ । उक्त नाटकको मुल उद्धेश्य **एडस रोगीलाई घृणा होइन माया गरौ सुरक्षित यौन सम्पर्क मात्र गर्ने गरौ, समय समयमा रगत जाच गरौ, एच. आई. भी एडस् विरुद्धको अभियान सफल पारौ** भन्ने रहेको थियो ।
- आर.आर.एन. सिएसपी लहानका कार्यक्षेत्र गा.वि.स.हरुः सिसवनी, ब्रमाणगोर्छाडी, बिष्णुपुरकट्टी, गोविन्दपुर मलहन्मा, गमरिया महेशपुर, हनुमाननगर प्र.म.मा गठित नागरिक सचेतना केन्द्रहरुको प्रतिनीधिहरुको सहभागितामा **६ वटा गा.वि.स स्तरिय नागरिक सचेतना संजाल** गठन भएको छ । सो संजालमा कम्तिमा ११ जनादेखि १५ जनासम्मको सदस्यता रहेका छन् ।
- गमरिया महेशपुर गा.वि.स. वार्डन. २ र ६ स्थित महेशपुर मथिलेश्वर ह्यूमपाइप कल्र्भट निर्माण आयोजना कार्य सम्पन्न भइ अन्तिम सार्वजानिक लेखापरिक्षण समेत सम्पन्न भएको छ ।
- विष्णुपुरकट्टी गा.वि.स वार्ड नं.२ स्थित श्री जनजागृती प्रा.वि. विद्यालय फर्निचर सहयोग आयोजना कार्य मिति २०६८ असोज २ गते सम्पन्न भएको छ । उक्त आयोजनामा २४ वटा डेक्स वेन्च ५ वटा कुर्सी र ३ वटा टेवुल उपभोक्ता समितिले विद्यालयलाई बुझाएको थियो ।
- हनुमाननगर प्र.म.गा.वि.स वार्ड नं. ६ स्थित श्री पदमपुरमा श्री प्रा.वि. पदमपुर विद्यालय फर्निचर सहयोग आयोजना कार्य मिति २०६८ असोज ५ गते सम्पन्न भएको छ । उक्त आयोजनामा २८ वटा डेक्स वेन्च ३ वटा कुर्सी र ३ वटा टेवुल उपभोक्ता समितिले विद्यालयलाई बुझाएको थियो ।
- विष्णुपुरकट्टी गा.वि.स वार्ड नं. ४, भालुटार स्थित सुसेली महिला व्यवसायिक वाखापालन समुहका सदस्यहरुलाई आफ्नो सदस्यहरुको आर्यबृद्धि गर्ने उद्धेश्यका साथ सहयोगी निकाय आरआरएन. सिएसपी लहानले मिति २०६८ असोज ८ गते ३७ वटा वाखा र २ वटा बोका १३ जना सदस्यलाई हस्तान्तरण गरिएको छ ।
- सिस्वानी गा.वि.स वार्ड नं. ९, रामटोल स्थित सरस्वती दलित व्यवसायिक वाखापालन समुहका सदस्यहरुलाई आफ्नो सदस्यहरुको आर्यबृद्धि गर्ने उद्धेश्यका साथ सहयोगी निकाय आरआरएन. सिएसपी लहानले मिति २०६८ भदौ ३० गते २६ वटा वाखा र १ वटा बोका १४ जना सदस्यलाई हस्तान्तरण गरिएको छ ।

## हार्दिक मंगलमय शुभकामना

**नेपालीहरुको महान चाड वडादशैं तथा शुभ दिपावलीको सु-अवसरमा समस्त नेपाली समुदायहरुमा सुख शान्ति तथा समृद्धिको उत्तारोत्तर प्रगतिको कामना गर्दै नेपालको नयां संविधानमा समतामुलक तथा सबैको अधिकार सुनिश्चित होस् भन्ने कामना व्यक्त गर्दछौं ।**

**आर.आर.एन. परिवार**

## आरआरएन, खोटाङ्का गतिविधीहरु

- मिति २०६८ असोज २४ गते आर.आर.एन. खोटाङ्ग द्धारा समुदाय सहयोग कार्यक्रम अन्तर्गत पाथेका, खार्मी, चिउरीडाँडा, निर्मलीडाँडा, चिप्रिङ्ग र इन्द्राणीपोखरी गा.वि.स. का नागरिक सचेतना केन्द्रका स्थानीय सहजकर्ता तथा गाउँ नागारिक सचेतना सञ्जालहरुका प्रतिनिधीहरुको सहभागीतामा खोटाङ्ग जिल्ला नागरिक सचेतना सञ्जाल श्री कमलदेवी बानियाँको अध्यक्षतामा १९ सदस्यीय समिति गठन भएको छ ।
- मिति २०६८ भाद्र ३० र ३१ गते जिल्ला विकास समिति खोटाङ्गको आयोजना वार्षिक समिक्षा गोष्ठी जिल्लाका विभिन्न सरकारी तथा गैह्र सरकारी संघ संस्था तथा कार्यालयहरुको आ.व. २०६७/०६८ को कार्य प्रगति सहित सम्पन्न सम्पन्न भएको छ । उक्त गोष्ठीमा **आर**.आर.एन. खोटाङले आफ्नो बार्षिक कार्य प्रगति प्रतिवेदन प्रस्तुत गरिएको थियो ।
- आर.आर.एन. खाद्य सुरक्षा कार्यक्रम-**eed** अन्तर्गत खोटाङ्ग जिल्ला भरी कृषि खाद्यान्न बाली सम्बन्धी विविध विषयमा जानकारी लिन र दिन जिल्ला कृषि विकास कार्यालय खोटाङ्गको सहकार्यमा टोल फ्रि टेलिफोन सेवा उपलब्ध गराईएको छ । उक्त नम्बर **१६६०३६४२५५** मा निशुल्क फोन गरि कृषि तथा खाद्यान्न बाली सम्बन्धि राय सल्लाह लिन वा दिन सकिने व्यवस्था मिलाईएको छ ।
- मिति २०६८ भदौ २३ र २४ गते तीनकन्या नागरिक सचेतना केन्द्र, पाथेका ५ र लालीगुँरास नागरिक सचेतना केन्द्र पाथेका १ का सदस्यहरुले बाटोघाटो सरसफाई अभियान कार्यक्रम अन्तर्गत मूलबाटो तथा एक घर देखि अर्को घरसम्मको गोरेटो बाटो मर्मत गरी बाटोलाई फराकिलो बनाउने कार्य सम्पन्न गरिएको छ । उक्त अभियानमा स्थानीय सहजकर्ता कमलदेवी बानियाँले सहजीकरण गर्नु भएको थियो ।
- नेपाली महिलाहरुको महान चाड हरितालिका तीजको अवसर पारेर नारी जागरण नागरिक सचेतना केन्द्र र गोदवारी नागरिक सचेतना केन्द्र खार्मी ६ का सदस्यहरुले संयुक्त रुपमा महिला अधिकारलाई केन्द्रीत गर्दै नारीबादी गीत तथा कविता प्रतियोगिता कार्यक्रमको आयोजना गरि उत्कृष्ट गीत कवितालाई पुरस्कार प्रदान गरी महिला प्रतिभा लाई अझ हौसला प्रदान गर्ने कार्य सम्पन्न गरिएको छ ।
- मिति २०६८ भदौ २८ गते शिखर प्रा.वि. चारकोठे नयाँ भवन निर्माण आयोजना, खार्मी ५, सोतीमा आर.आर.एन., गा.वि.स सचिव, राजनीतिक दलहरु, उपभोक्ता, शिक्षक अभिवक तथा स्थानीय संचारकर्मीको सहभागितामा समापन कार्यक्रम सम्पन्न गरिएको छ ।
- श्री सिंहदेवी प्रा.वि. दुइकोठे नया भवन निर्माण आयोजना, चिउरीडाँडा ९ र विकासे खोला सिंचाई कुलो मर्मत आयोजना चिप्रिङ्ग ५ कार्य सम्पन्न भएको छ ।



खार्मी गा.वि.स. वार्डन. ५ सोती स्थित आरआरएन, खार्मी गा.वि.स.र उपभोक्ताको संयुक्त लगानीमा निर्मित श्री शिखर प्रा.वि. चारकोठे भवन निर्माणको समापन कार्यक्रम, खोटाङ ।

(आरआरएन),सिएसपी खोटाङ र सिरहाद्धारा प्रकाशित मासिक बुलेटिन
शान्तिका लागि सचेतना
२०६८ असोज १४ गते शनिबार Saturday 1October 2011 
शान्ति प्रवर्द्धन केन्द्र स्तम्भ

## प्रकोप र समुदायमा.................

धेरै जसो प्रकोपहरु उत्पन्न हुनुका कारण हामीले विगतमा गरेको लगानीको प्रतिफल हो । हरेक वर्ष वर्षायाममा प्राय पहाडी क्षेत्रमा बाढी पहिरो र तराईका भूभागमा डुवान कटानका समस्या देखा पर्दछ । नेपाल भूकम्पको दृष्टिकोणले पनि जोखिममा परेको मूलुक हो । अव्यवस्थित शहरीकरण, कम प्रतिरोधात्मक संरचनाको निर्माणले गर्दा यसले जोखिमको संभावना बृद्धि भएको छ । अझ प्रकोपलाई प्रकृयागत रुपमा नहेरीकन आई पर्ने घट्नाको रुपमा हेरी प्रकोप घटी सकेपछिको उद्धार र कल्याणकारी दृष्टिकोणबाट हेरिनाले भोलीको दिनमा ठूलो क्षति बेहोर्नु पर्ने हुन सक्छ । प्रकोप व्यवस्थापनको अर्थ विकासको सही बाटोमा लाग्नु हो । त्यसैले आजैबाट प्रकोपका कारणबाट हुनसक्ने जोखिम न्यूनीकरणका लागि समदायमा आधारित प्रकोप व्यवस्थापन कार्यमा जटन जरुरी देखिन्छ ।



सिस्वानी गा.वि.स. वार्डन. ९ रामटोल स्थित सरस्वती दलित महिला बाखापालन समुहका सदस्यहरु बाखा बुझिएपछि खुसी मुद्रामा, सिरहा



पाथेका गा.वि.स. वार्डन. ५ चिमचिमा स्थित तीनकन्य महिला नागरिक सचेतान केन्द्रका सदस्यहरु आफ्नो गाउको बाटो मर्मत पश्चात सामूहिक फोटो, खोटाङ



हामी पनि के कम पूरुष भन्दा ! खोटाङ जिल्ला चिप्रिङ गा.वि.स. मा आरआरएन. सिएसपीको सहयोगमा संचालित विकासेखोला सिचाई कुलो आयोजनामा काम गर्दै महिलाहरु ।



सुसेली नागरिक सचेतना केन्द्रका सदस्यहरु बाखापालनको लागि बैठकमा निर्णय प्रस्तत गर्दै सहजकर्ता मनिता योञ्जन, विष्णुप्रकट्टी-४, सिरहा

## विशेष अनुरोध

नागरिक सचेतना केन्द्रमा संचालित साप्ताहिक छलफल कार्यक्रममा अनिवार्य सहभागी भइ छलफल गरौं । छलफलको विषयबस्तु आफ्नै टोल समुदायको समस्या, सवाल तथा सफलताको कथा र समुदाय सहयोग कार्यक्रमले तयार पारेको नागरिक सचेतना केन्द्र निर्देशिकालाई आधार मानी छलफल गरौं । छलफल गरिएको विषयबस्तुलाई व्यवहारमा लागु गरि परिवर्तनको शुरुवात आफैबाट गरौं । साथै प्रत्येक साप्ताहिक छलफल व्यवहारिक शिक्षामुलक विषयमा केन्द्रीत भई उदाहरणीय समाजको निर्माण गरौं ।

### खोटाङ जिल्लाका महत्वपुर्ण सम्पर्क फोन नम्बरहरु

- जिल्ला प्रशासन कार्यालय, ०३६-४२०१०२/१३३
- जिल्ला विकास समितिको कार्यालय, ०३६-४२०१२०
- जिल्ला प्रहरी कार्यालय ०३६-४२०१२१/१९९
- जिल्ला अस्पालत, ०३६-४२०१८८/१८९
- जिल्ला आयुर्वेद ०३६-४२०३९२
- जिल्ला शिक्षा कार्यालय, ०३६-४२०१०५
- राष्ट्रिय मानव अधिकार आयोग ०३६-४२०२८४
- आर.आर.एन. ०३६-४२०५५७
- नेपाल टेलिकम, ०३६-४२०१११/२२२

### सिरहा जिल्लाका महत्वपुर्ण सम्पर्क फोन नम्बरहरु

- जिल्ला प्रशासन कार्यालय, ०३३-५२०१२१
- जिल्ला विकास समितिको कार्यालय,०३३-५२०११५
- जिल्ला प्रहरी कार्यालय ०३३-५२०००५
- जिल्ला अस्पालत, ०३३-५२००८१
- ओरेक नेपाल ०३३-५६०४८३
- जिल्ला शिक्षा कार्यालय, ०३३-५२०१२७
- आर.आर.एन. ०३३-५६१९०५
- नेपाल टेलिकम, ०३३-५२०४४४
- 

**महासागरले त्यति मान्छे डुबाएन जति रक्सीले डुबाए ।**